# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय)**

**पत्र संख्याः** २०७५।७६
**च.नं.**

**मितिः**२०७५।१२।१८

श्री प्रमुख ज्यू,
बुलिङ्टार गाउँपालिकाको कार्यालय,
नवलपरासी (ब.सु.पूर्व.) ।

विषयः**लेखापरीक्षणको प्रतिवेदन ।**

यस कार्यालयबाट बुलिङ्टार गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिममेवारी -** आर्थिक कार्यविधी ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आर्थिक कार्यविधी नियमावली, २०६४ तथा प्रचालित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको हुन्छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्वन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ६८ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९३ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ६ लाख ४ हजार र पेश्की रु.४ लाख रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारीत लेखाप्रणाली गरेकोले सम्पत्ति तथा दायीत्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०९।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना संख्या १५ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन, आर्थिक कार्यविधी ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बुलिङ्गटार गाउपालिका, नवलपुर(ब.सु.पु.)
## लेखापरीक्षण प्रतिवेदन

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुगाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अर्न्तगत ६ वटा वडा ३४ जना गाउँसभा सदस्य रहेका छन् । गण्डकीप्रदेशअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाकोसदरमुकामकावासोतीबाट४४किलोमिटरदुरिमाअवस्थितयसगाउँपालिका१४७.६८वर्ग किलोमिटरक्षेत्रफलमाफैलिएकाछ।यसगाउँपालिकालेनेपालकोकुलभुभागको०.०७८८प्रतिशतरनवलपरासी ( ब.सु.पू ) को१४.१५प्रतिशतभूभागओगटेकोछ।यसकोपूर्वमागैडाकोटनगरपालिका, पश्चिममाबौदिकालीगाउँपालिका, उत्तरमारिसिङगाउँपालिकारदक्षिणमादेवचुलीनगरपालिकारहेको छ।कुल१९६५६जनसंख्याकोबसोबासरहेकोयोगाउँपालिकानेपालकैएकसम्भावनायुक्तस्थानियतहकारुपमारहेकोछ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।७५ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

| सि.नं. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | **१४२८७८६३४** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **११०६४३३०४** |
| | ख) बैंक | **१०२८८९४९** | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण/ब्याज भुक्तानी | |
| | क) आन्तरिक राजस्व/राजस्व बांडफांड | | | ख) ब्याज भुक्तानी | |
| | ख) अन्य आय | **२८५०७९९** | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **२७९९७८०००** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | १५२११८००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १२७८६०००० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **फिर्ता खर्च** | **१४३०१८५६** |
| | घ) विशेष अनुदान | | | धरौटी फिर्ता | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | सर्सत अनुदान फिर्ता | |
| | क)वित्तीय समानीकरण अनुदान | | | सामाजिक सुरक्षा फिर्ता | |
| | ख) सशर्त/समपूरक/विशेष अनुदान | | | LGCDP को रकम | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ६ | **कोष खर्च** | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ७ | **मौज्दात** | **२५२९३६३४** |
| | क) ऋण/साँवा/ब्याज प्राप्ती | | | क) नगद मौज्दात पेश्की | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **जनसहभागिता नगद** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| ९ | **सामाजिक सुरक्षा** | | | | |
| १० | **स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम** | | | | |
| ११ | **धरौटी आय** | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **जम्मा** | **२९३११७७४८** | | जम्मा | **२९३११७७४८** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम रु. |
|---|---|---|
| | लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको समष्टिगत लेखापरीक्षण योजना २०७५, इकाईगत लेखापरीक्षण योजना २०७५, लेखापरीक्षण ऐन, २०४८ को दफा ३, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भएसम्मका श्रेस्ताको परीक्षणबाट कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| १. | **आथिक कारोवार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा सम्बन्धी व्यवस्था रहेको छ । गाउँपालिकाले आर्थिक वर्षको लेखा राख्दा समानिकरण अनुदान र आन्तरीक श्रोततर्फको लेखा एकमुष्ठ राखेको छ । बजेट विनियोजन गर्दा नै एकमुष्ठ रुपमा आन्तरिक श्रोत र केन्द्रिय अनुदानलाई एकसाथ राखेर खर्च गर्दा चालु खर्च र पूँजीगत खर्चको अनुपातमा आन्तरिक आय तुलना गर्ने अवस्था रहेन । | |
| २. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । बुलिङ्टार गाउँपालिकाले आर्थिक वर्ष ०७४।७५ मा रु ११५०७९९।०० आम्दानी गरेकोमा वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको, दाखिला समयमा नगरी मासिक वा एकमुष्ठ रुपमा गर्ने गरेको, वडास्तर र गाउँपालिकाका लागि के कति संख्यामा रसिद छपाई भएको हो नखुलेको, बचत भएका रसीदको विवरण नरहेकोले आम्दानी रकम यथार्थपरक हो वा होइन यकिन हुन सक्ने अवस्था रहेको छैन । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा गाउँपालिकाले राजस्व लक्ष्य निर्धारण एवं नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | |
| ३. | **गाउंसभावाट पारीत कानुन राजपत्रमा प्रकाशित नगरेको:**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउंपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा  गाउंपालीका तथा नगरपालीकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । साथै उपदफा ५ मा उपदफा ३ बमोजिम कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने व्यवस्था छ। यस गाउंपालीकाले तपसिल बमोजिमका कानुन तर्जुमा गरेकोमा राजपत्रमा प्रकाशित नभएकोले ऐनको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ४. | **श्रोत नखुलाई कार्यकम छनौट:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ मा गाउंपालीकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा श्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था भएकोमायस गाउंपालीकाले यो वर्ष कुनै पनि योजनाको सम्भाव्यता अध्ययन, श्रोतको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, कार्यान्वयन | |

| | | |
|---|---|---|
| | तालिका तथा अनुगमन तथा मुल्यांकन योजना तयार गरेको नपाईएको हुंदा ऐनले गरेको व्यवस्था कार्यान्वयन भएको पाईएन । यसवाट आन्तरिक श्रोतबाट भएको खर्च र वित्तीय समानीकरण लगाएतबाट भएको खर्च एकिन हुन नसक्ने अवस्था रहेको छ । कुनै आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कुन कुन श्रोतबाट के कति रकम सो कार्यक्रममा खर्च गरिने हो विवरण खुलाई बजेट तथा कार्यक्रम पारित गरि सोही अनुरुप कार्यान्वयन गरिनुपर्दछ । | |
| ५. | **बिमा नगराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगाएतको विमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढिका निर्माण कार्यको विमा गराएको छैन । नियममा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ६. | **खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पुंजीगत तर्फका कार्यक्रम गाउंसभावाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन । | |
| ७. | **श्रोत अनुमान तथा वजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम यस गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले गाउंपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुको प्राथमिकिकरण गरी वजेट तर्जुमा गरेको नपाईएकोले सञ्चालन गरिने कार्यक्रमको ऐनको व्यवस्था वमोजिम प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८. | **न्याय सम्पादन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो वर्ष विवादको निरुपणार्थ निबेदन दर्ता भएकोमा किनारा लागेको देखिएन । समयमै विवादको निरुपण गरि किनारा लगाउनु पर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तफ यस गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १०. | **लक्ष्य प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउंपालिकाले सञ्चालन गरेका गाउं स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती तयार गरेको देखिएन । यसवाट गाउंपालिकाले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगतिको अवस्थाको मुल्याङकन गर्न सक्ने अवस्था रहेन । | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकामा विषयगत कार्यालयवाट कुनै सम्पत्ति हस्तान्तरण भई आएको पाईएन । गाँउ पालिकामा समाहित हुने विषयगत कार्यालयको अभिलेख अध्यावधिक हुनु पर्दछ । | |
| १२. | **जिन्सी निरिक्षण प्रतिवेदन सम्वन्धमा:**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिमको व्यहोरा खुलाई जिन्सी | |

| | | |
|---|---|---|
| | निरीक्षण प्रतिबेदन तयार गर्नुपर्नेमा सो अनुसार कार्यालयले गरेको नपाईएकोले निरिक्षण र प्रतिवेदन प्रणालीमा सुधार गरिनुपर्दछ। | |
| १३. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख यकिन गरि अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| १४. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाउंपालिकाले उपभोक्ता समितिमार्फत गराएका निर्माण कार्यमा ३ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ<br>गाउंपालिकाबाट प्राप्त विवरण अनुसार योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको, छुट्टै कन्टिन्जेन्सी खाताको हरहिसाव नराखेकोले तथा कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि नवनाई खर्च गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ। | |
| १५. | **आय व्यय विवरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेबमोजिम आय व्ययको हिसाव राख्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले लेखापरीक्षणमा उपलब्ध गराएको विवरणमा पेश्की रु ४ लाखलाई दोहोरो समावेश गरी पेश गरेको छ। आर्थिक वर्षको अन्त्यमा मौज्दात देखाएको रु २४८९३६३४।०० सम्बन्धमा बैंक स्टेटमेन्ट पेश हुन नआएको तथा आर्थिक वर्षको अन्त्यमा काटिएका चेकको अवस्था खुल्ने गरी बैंक हिसाब समायोजन विवरण तयार नगरेका कारण गाउँपालिकाले पेश गरेको आय व्यय विवरणको यथार्थतामा आश्वस्त हुन सकिएन। | |
| १६. | **नदिजन्य आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउंपालिका प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। के कति नदि जन्य पदार्थ उत्पादन भै कति बिक्रि वितरण भयो सो को अभिलेख लेखापरीक्षणमा उपलब्ध गराउन सकेन। गाउँपालिकाको आन्तरिक आय रु ११५०७९९।०० उल्लेख भएतापनि नदिजन्य श्रोतबाट रु ५,९७,७३७।०० राजस्व प्राप्त गरेको हो र के कति परिमाणमा कति अवधिसम्म राजस्व संकलन भएको हो स्पष्ट नभएकोले राजस्व असुली र अभिलेखमा परीक्षण गर्ने आधार रहेन। | |
| | साथै, उपरोक्तानुसार नदिजन्य श्रोतको विक्रीमा मुल्य अभिवृद्धि कर दाखिला भएको नदेखिएकोले राजस्व रकम यकिन गरेपश्चात नियमानुसार मुल्य अभिवृद्धि कर दाखिला भएको प्रमाण समेत पेश गर्नुपर्दछ। | |
| १७. | **जे.सि.वि आम्दानी :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। बुलिङ्गटार गाउँपालिकाले मिति २०७४।१०।२१ म जेसिवि रु ३६,४५,०००।०० मा खरिद गरी सञ्चालन गरेकोमा आर्थिक वर्ष ०७४।७५ मा कुनैपनि आम्दानी नगरेको जनाएको छ। लेखापरीक्षणको समयमा जे.सी.वि विग्रेको अवस्थामा रहेको पाईयो। वारेन्टी पिरीयड वाकी नै रहेको अवस्थामा समेत जे सि वि मर्मत गरेको छैन। चलेको घण्टा प्रतिघण्टा दर, मेशीन सञ्चालनको लगबुक, सञ्चालन कार्यविधि लगायतको विवरण पेश गर्नुपर्दछ। साथै, जे.सि.वि सञ्चालन र व्यवस्थापन सम्बन्धमा आयको उचित अभिलेखाङ्कन तथा परिचालन हुने व्यवस्था गर्नुपर्दछ। | |
| १८. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम | |

| | | |
|---|---|---|
| | स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकामा आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :<br>▪ आन्तरिक आय संकलनका लागि वितरण गरिएका रसिद के कति प्रयोगमा आए र सो को दाखिला समयमा भयो भएन भन्ने सम्बन्धमा गाउँपालिकामा अन्यौल छ ।<br>▪ जनप्रतिनिधिको सामाजिक सुरक्षा भत्ता वितरण लगायत कार्यालय सञ्चालनका कार्य, पेश्की लिने दिने कार्य, सामाग्री वितरणका कार्यमा संलग्नता रहेको छ ।<br>▪ समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>▪ खरिद गरिएका सामाग्रीको जिन्सी दाखिला बेगर खर्च गरेको वा अभिलेख राखेको छैन । मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामाग्रीको एकिकृत अभिलेख तयार भएको छैन । साथै, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>▪ उपभोक्ता समितिमार्फत गरेका अधिकांश तथा कार्यालयतर्फका कतिपय कारोबार मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ ।<br>▪ गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेखेको छ ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।<br>▪ चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन ।<br>▪ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको छैन ।<br>▪ भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण आदेश स्विकृत नगरी, भ्रमण विल स्विकृत नगरी खर्च लेख्ने गरेको छ । कार्यक्रमगत रुपमा भत्ता वितरण भएकोले दोहोरो भत्ता वितरण हुनसक्ने देखिएको र भ्रमणमा जाने पदाधिकारी एवं कर्मचारीबाट बाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन ।<br>▪ समयमै पेश्की फछ्र्यौट हुने नगरेको तथा पेश्की माथि पेश्की दिने गरेको छ ।<br>▪ सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई सम्पूर्ण भुक्तानीको मुअकर भुक्तानीको जानकारी दिने गरेको छैन ।<br>▪ कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>▪ कारोवारको सबै व्यहोरा खुल्ने गरी बैंक हिसाब मिलान बिबरण तयार गरेको छैन । | |
| १९. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यबस्था रहेको छ । गाऊँपालिकाले २०७४।७५ को आय व्यय कारोबारको आन्तरिक लेखापरीक्षण गराएको पाईएको र आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोराको कार्यान्वयन भएको छैन । आन्तरीक लेखापरीक्षणले औल्याएका व्यहोराको कार्यान्वयन गरी प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्नुपर्दछ । | |
| २०. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को | |

<table>
<tr><td></td><td>लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै गाउँपालिकाहरुले Sub-National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था भएतापनि गाउँपालिकाले आर्थिक वर्षको शुरुवातमा म्यानुअल र अन्त्यमा उक्त प्रणालीमा लेखा स्रेस्ता राखेका कारण श्रेस्तामा द्विविधा भएको छ । त्यसैले तोकिए बमोजिमको विद्युतीय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>गाउँपालिका चालूतर्फ</td><td></td></tr>
<tr><td>२१.</td><td>सामाग्री वितरण : शोभा मुखियाको रु १ लाख पेश्की फर्छ्यौट सहित कृषि तथा पशु तालिमबापत रु ११८०००।०० भुक्तानी भएकोमा वितरण गरिएका सामाग्रीको जिन्सी दाखिला र खर्च एवं वितरण भरपाई श्रेस्तासाथ संलग्न नदेखिएको रु</td><td>११८०००.००</td></tr>
<tr><td>२२.</td><td>सामाग्री वितरण : निलकण्ठ भुसालको रु २ लाख पेश्की फर्छ्यौट सहित वडा नं ६ कृषि तथा पशु सम्बन्धी कार्यक्रममा रु २४८३५०।०० भुक्तानी भएकोमा जमुनापार बोका रु ८०००० का ४ गोटा वितरण गरिएको उल्लेख भएतापनि अनुकुल बाखा फर्मबाट २ थान मात्र खरिद भएको देखिएकोले खर्चको पुष्ट्याई नभएको रु</td><td>४००००.००</td></tr>
<tr><td>२३.</td><td>डेलिगेसन खर्च : अन्तिम भुक्तानी गर्दा खर्चसँग सम्बन्धित विल भरपाई यकिन गरी भुक्तानी गर्नुपर्नेमा बुलिङ्गटार सेवा विस्तारका लागि डेलिगेसन बापत रु ५६९००।०० भुक्तानी भएकोमा यात्रु संख्या, मिति, प्रयोजन र विलभरपाई सहित खर्चको पुष्ट्याई हुने कागजात श्रेस्तासाथ संलग्न नभएको अनियमित रु</td><td>५६९००.००</td></tr>
<tr><td>२४.</td><td>पदाधिकारी सुविधा : गाउँपालिकाले कार्यपालिका बैठक, पदाधिकारी दैनिक भ्रमण भत्ता, सवारी साधन भाडा, सञ्चार खर्च, गाउँ सभा खर्च, वडा वैठक भत्ता, खाजा खर्च लगायतका शिर्षकमा रु ३३७७१३८।००भन्दा बढी भुक्तानी भएको छ । पदाधिकारी पारिश्रमिक रु १२८९१६५।००, ईन्धन रु ११२९२६।०० र गाडी भाडा रु८३५४२४।००सहित यो खर्च रु ५६१४६५३।०० हुन आउँछ ।जुन गाउँपालिकाको आन्तरिक आय रु११५०७९९।००भन्दा रु४४६३८५४।०० ले बढी रहेको छ । गाउँपालिकाको सञ्चालन खर्च समेत नपुग हुने गरी चालु खर्च तेब्बर हुने विद्यमान अवस्थामा नियन्त्रण गरी मितव्ययी र औचित्यपूर्ण खर्च व्यवस्थापन गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>अभिलेख र प्रयोजन : निम्नानुसारका खर्च भुक्तानी गर्दा श्रेस्तासाथ खर्चको प्रमाण र पुष्ट्याई हुने पर्याप्त कागजात संलग्न गरेको नदेखिएकोले खर्चको पुष्ट्याई हुने कागजात पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७१-१२/०७</td><td>एड एक्सप्रेस प्रा.लिलाई भुक्तानी दिएको रकममा विजक अंक नखुलेको</td><td>४८८१६.००</td></tr>
<tr><td>७५-१२/२२</td><td>पदाधिकारी बैठक भत्ता भुक्तानी भएकोमा माइन्युट, प्रयोजन र उपस्थिति खुल्ने विवरण संलग्न नरहेको</td><td>१३९५००.००</td></tr>
<tr><td>६९-१२/०८</td><td>प्रोत्साहन रकम बापत ३ कर्मचारीलाई भुक्तानी गरेकोमा खर्चको आधार, निर्णय र कामको विवरण नखुलेको</td><td>५२०००.००</td></tr>
<tr><td>६५-१२/०१<br>६३-१२/०१</td><td>भ्रमण अवधि नखुल्ने स्वीकृत भ्रमण आदेश बेगर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको</td><td>५९२००.००</td></tr>
<tr><td>१४८-३/१५</td><td>सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण प्रविष्टिबापत युनिक ट्रेनिङ्ग सुन्टरलाई भुक्तानी</td><td>४६४३८.४८</td></tr>
<tr><td>१३९-३/७</td><td>वडा कार्यालयमा कार्यरत का.स.को छुट तलव भुक्तानी व्यहोरा उल्लेख भएकोमा सो को विवरण संलग्न नरहेको</td><td>२४८६६९.००</td></tr>
<tr><td>४३-३/२७</td><td>स्वास्थ्य संस्थामा कार्यरत १२ कर्मचारीको छुट तलव भुक्तानी गरेकोमा सो को आधार र विवरण नरहेको</td><td>८९३९२.००</td></tr>
<tr><td>१८-११/१६</td><td>ढुवानी बापत खर्च भएको रु २९४४५ मा कर कट्टी भएको रु २९४५।०० कर दाखिला भएको नदेखिएको</td><td>२९४५.००</td></tr>
<tr><td>२८-३/१०</td><td>रात्रीकालिन पालो तथा प्रयोगशाला भत्ता बापत भुक्तानी भएकोमा कामको विवरण र सम्बन्धितले बुझेको भरपाई संलग्न नभएको</td><td>२७६९६७.४०</td></tr>
</table></td><td>१०७६९४०.३८</td></tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>५६-११/२५</td><td>मुअकरमा दर्ता भएकालाई अन्तिम भुक्तानी दिँदा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेको</td><td>१८१२.५०</td></tr>
<tr><td>६९-१२/०८</td><td>प्रोत्साहन रकम बापत ३ कर्मचारीलाई भुक्तानी गरेकोमा खर्चको आधार, निर्णय र कामको विवरण नखुलेको</td><td>५२०००.००</td></tr>
<tr><td>६५-१२/०१<br>६३-१२/०१</td><td>भ्रमण अवधि नखुल्ने स्वीकृत भ्रमण आदेश बेगर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको</td><td>५९२००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०७६९४०.३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.</td><td>जिन्सी दाखिला : गाउँपालिकामा प्राप्त जिन्सी सामाग्री आम्दानी बाँधी प्रयोजन खुल्ने गरी खर्च गर्नुपर्नेमा निम्नानुसारका खरिदमा जिन्सी दाखिला, खरिद आदेश लगायतको आधारभुत अभिलेख संलग्न नरहेको रु
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५६-११/१५</td><td>प्रकृति पुस्तक पसलबाट स्टेशनरी सामाग्री खरिद</td><td>१२२६७५.००</td></tr>
<tr><td>१५४-३/२४</td><td>क्वालिटि प्रेस चितवन र स्मार्ट प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग, चितवनबाट स्टेशनरी सामाग्री खरिद</td><td>४९१८८९.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६१४५६४.००</td></tr>
</table>
</td><td>६१४५६४.००</td></tr>
<tr><td>२७.</td><td>विद्यालय निकासा : गाउँपालिका चालू शिक्षातर्फ ४३ विद्यालयका लागिनिकासा प्राप्त रकम रु ६९६५६०००।०० मध्ये रु ६५०२७०४०।५२ खर्च भएको देखिएकोमा विद्यालयका शिक्षकको दरवन्दी, शिक्षक विद्यार्थी संख्या, सरुवा, नियुक्ति, अवकास लगायतका विवरण लेखापरीक्षणमा पेश हुन नसकेकोमा विद्यालयबाट निकासा माग भएको आधारमा खर्च लेखेको, माग भएको निकासाको चेकजाँच हुने नगरेको, छुट भएको तलव ग्रेड लगायतको निकासा पुन गएको देखिएको, गाउँपालिकामा शिक्षा इकाई हेर्ने कर्मचारी नरहेको, जिल्ला शिक्षा समन्वय इकाईले हेरफेर, नियुक्ती गरेका शिक्षकको वोधार्थ गाउँपालिकामा गए नगएको यकिन नभएको तथा निकासा भै गएको रकममध्ये बचत रकम विद्यालयहरुबाट फिर्ता प्राप्त गरेको नदेखिएकोले निकासाबापत गएको रकमका सम्बन्धमा विद्यालयको लेखापरीक्षण प्रतिवेदन, सामाजिक परिक्षण र गाउँपालिकाको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>सामाजिक सुरक्षा वितरणः सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२९.</td><td>परिचयपत्र बितरण :सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरी परिचयपत्र प्राप्तिका लागी अनुसूचीहरुमा तोकिएको ढाँचामा फारामहरु गाऊँपालिकाले निशुल्क उपलब्ध गराउने,साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरी भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित वर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रवाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षित वर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुशासन कायम गराउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>सामाजिक सुरक्षा समन्वय समिति - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३१.</td><td>बैक खाता : सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकाले ग्रामीण इलाकामा बैकिङ्ग सुबिधा नभएकोले वडा अध्यक्षले पेस्की लिई नगद बितरण गर्ने गरेको पाइयो । पेस्की रकम लिए पश्चात तत्काल वितरण गरी समयमा नै पेस्की फछ्र्यौट गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>फुटकर खर्च : भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सरुवा हुँदा बाहेक अन्य भ्रमणमा फुटकर खर्च भुक्तानी गर्न नमिल्नेमा गाउँपालिकाले निम्नानुसारका पदाधिकारी र कर्मचारीलाई फुटकर खर्च बापतको रकम भुक्तानी भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>९६-१/७</td><td>अध्यक्ष श्री शशिकिरण वस्ताकोटी</td><td>२०००.००</td></tr>
<tr><td>११६-१२/२७</td><td>गणेश न्यौपाने</td><td>२०००.००</td></tr>
<tr><td>९३-१/६, १०२-१/१४, १२२-१/२५, १२८-१/३, १६०-३/२७</td><td>प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण अधिकारी</td><td>१००००.००</td></tr>
<tr><td>९३-१/६<br>१६०-३/२७</td><td>लेखापाल श्री कर्णबहादुर बुढाथोकी</td><td>४०००.००</td></tr>
<tr><td>१३३-२/३०</td><td>क.अ. श्री सागर भट्टराई</td><td>२०००.००</td></tr>
<tr><td>१६०-३/२७</td><td>श्री खेमराज ठाडा</td><td>४८००.००</td></tr>
<tr><td>१६०-३/२७</td><td>श्री यमबहादुर ठाडा</td><td>२०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६८००.००</td></tr>
</table></td><td>२६८००.००</td></tr>
<tr><td>३३.</td><td>बढी ग्रेड भुक्तानी : कार्यालयले तलवी प्रतिवेदन पारित गराई सो बमोजिम खर्च लेख्नुपर्ने तथा ग्रेड यकिन गरी भुक्तानी गर्नुपर्नेमा सि.अ.हे.व. श्री ओमप्रकाश शाहलाई रु १३९४०।०० बढी ग्रेड भुक्तानी भएको देखिएकोले असल गर्नुपर्ने रु</td><td>१३९४०.००</td></tr>
<tr><td>३४.</td><td>फुटकर खर्च : भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सरुवा हुँदा बाहेक अन्य भ्रमणमा फुटकर खर्च भुक्तानी गर्न नमिल्नेमा गाउँपालिकाले निम्नानुसारका पदाधिकारी र कर्मचारीलाई फुटकर खर्च बापतको रकम भुक्तानी भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>अध्यक्ष श्री शशिकिरण वस्ताकोटी</td><td>४०००.००</td></tr>
<tr><td>२.</td><td>उपाध्यक्ष श्री मैना विक</td><td>४०००.००</td></tr>
<tr><td>३.</td><td>प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण अधिकारी</td><td>४०००.००</td></tr>
<tr><td>४.</td><td>नायव सुव्वा श्री ऋषिराम भुसाल</td><td>४०००.००</td></tr>
<tr><td>५.</td><td>लेखापाल श्री कर्णबहादुर बुढाथोकी</td><td>४०००.००</td></tr>
<tr><td>६.</td><td>क.अ. श्री सागर भट्टराई</td><td>४०००.००</td></tr>
<tr><td>७.</td><td>वडाध्यक्ष श्री पूर्णसिंह खण्डलुक</td><td>४०००.००</td></tr>
<tr><td>८.</td><td>वडाध्यक्ष श्री सुर्यबहादुर राना</td><td>२०००.००</td></tr>
<tr><td>९.</td><td>वडाध्यक्ष श्री चेतबहादुर राना</td><td>२०००.००</td></tr>
</table></td><td>३२०००.००</td></tr>
<tr><td></td><td>गाउँपालिका पुँजीगततर्फ</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ३५. | **अवण्डा रकम :** गाउँपालिकाले भैपरी आउने पुँजीगत शिर्षकमा रु ४९ लाख ६६ हजार विजनयोजन गरी रु ४९ लाख ३९ हजार खर्च गरेको छ । उक्त रकम कार्यपालिकाको निर्णयबाट अन्य कार्यहरुमा बाँडफाँड गरेको छ । यसरी अबण्डा राखी पछि कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले बजेट अनुशासन र वित्तीय जवाफदेहितामा चुनौती सिर्जना गर्न सक्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३६. | **बढी भुक्तानी :** कार्यालयले अन्तिम भुक्तानी गर्दा खर्चसँग सम्बन्धित विल भरपाई यकिन गरी भुक्तानी गर्नुपर्नेमा फर्निचर खरिदबापत भुक्तानी गरेको रु १९०६७१।०० मध्ये रु १८१५७२।०० को मात्र विल भरपाई संलग्न भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ९०९९.०० |
| ३७. | **उदघाटन खर्च :**रु २६५००००।०० बजेट विनियोजन सहितरु २५०००६४।०० लागत अनुमान र ३१०४९९९।०० मा कार्य सम्पन्न भएको काफलडाँडा धामदी कृषि मोटरबाटोमा कार्यालयबाट २५७०५००।०० अन्तिम भुक्तानी भएको योजनाको उदघाटन खर्च रु १५००००।०० थप भुक्तानी हुँदा निम्नानुसारका विल भरपाई र विवरण संलग्न भएको देखिएकोले भुक्तानीको आदेश दिने र खर्च लेख्ने पदाधिकारी एवं कर्मचारी जिम्मेवार हुनुपर्ने देखिएको रु | १४३०००.०० |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | रागाको मासु ५० धार्नी | ४००००.०० |
| २. | खसिको मासु १० धार्नी | १५०००.०० |
| ३. | चिसो | १५०००.०० |
| ४. | कुखुराको मासु | २०००.०० |
| ५. | माइक, जेनेरेटर | १५०००.०० |
| ६. | कलाकारिता प्रदर्शनबापत | ४४०००.०० |
| ७. | ढुवानी खर्च | १२०००.०० |
| | जम्मा | १४३०००.०० |

| | | |
|---|---|---|
| ३८. | **गाग्रीखोला पानीघट्ट :**गाग्रीखोला पानीघट्ट लघु जलविद्युत खानेपानी संरचना निर्माणका लागि कार्यालयले रु ६७००००।०० भुक्तानी गरेकोमा सम्झौता एवं भुक्तानीको निर्णय, कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई नभएको, बजेट अनुमान रु ४ लाख भएकोमा पछि रु १ लाख थप भएको देखिएकोमा भौ.नं. ३७९–३।२८ बाट रु १ लाख थप भुक्तानी भएको देखिएकोले बजेट भन्दा बढी, सम्झौता बेगर सोझै र कार्य प्रगति खुल्ने कागजात बेगर सोझै भुत्तानी गरेको देखिएकोले भुक्तानीको आदेश दिने र खर्च लेख्ने पदाधिकारी एवं कर्मचारी जिम्मेवार हुनुपर्ने देखिएको रु | ७७००००.०० |
| ३९. | **पहिरो सफा :** जे.सि.वि.मार्फत प्रतिघण्टा रु २५९९ को दरमा १५५ घण्टाको बस्याल कन्स्ट्रक्सन, देवचुली १५ लाई रु ४०२८४५।०० भुक्तानी भएकोमा पहिरो सम्बन्धी विवरण नखुलेको, खर्च अनुमान बेगर भुक्तानी भएको तथा गाउँपालिकाको आफ्नै जे.सि.वि भएको अवस्थामा अन्य पार्टीलाई भुक्तानी दिएको देखिएको अनियमित रु | ४०२८४५.०० |
| ४०. | साथै, बाटो अवरुद्ध खुलाएको व्यहोरा सहित गौरीशंकर मल्टि विजनेश प्रा.लि.लाई रु १२४८२०।०० भुक्तानी भएकोमा गाउँपालिकाको आफ्नै जे.सि.वि भएको अवस्थामा अन्य पार्टीलाई भुक्तानी दिएको देखिएको अनियमित रु | १२४८२०.०० |
| ४१. | भारतीपुर खाल्सी देखि सितलपुर सम्म वाटो अवरुद्ध अुलाएको बस्याल कन्स्ट्रकसन, देवचुली-१४ | ९८०१५७.०० |
| ४२. | उपल्लो अर्खेलो देखी कोखेटार सम्म बाटो अवरुद्ध खुलाएको रानामगर सप्लार्यस, बुलिङ्टार | १३३४००.०० |
| ४३. | विभिन्न योजना र शिर्षकमा गाउँपालिकाले दैवी प्रकोप कट्टी शिर्षकमा रु २२९९२०।०० कट्टा गरेको देखिएकोमा उक्त रकम बहाल कर शिर्षकमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु | २२९९२०.०० |

| | | |
|---|---|---|
| ४४. | **ग्राभेल/माटो ढुवानी :** लागत अनुमान रु २५५७७०१।०० र कार्य सम्पन्न २५५२९००।०० भएको योजनामा सानो सिंगुवा खसुवा मोटरबाटो निर्माण उपभोक्ता समितिलाई रु २२९५०००।०० भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको भरपाईमा माटो ढुवानी रु ४२००००।०० तथा ग्राभेल ढुवानी रु १६९९२००।०० देखिएकोमा खण्डलुक कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट जारी भएको रु ४७६१००।०० को विल संलग्न भएको छ । यसको प्राविधिक मुल्यांकन र नापजाँचमा Excavated soil disposition बापत रु ५४२७७८।०० तथाCarrying Naturally found deposit of sand gravel बापत रु १४९९९४८।०० देखिएको र स्थलगत अवलोकन गर्दा ग्राभेलको श्रोत १ कि.मि.भन्दा कम दुरीमा रहेको, माटो प्रयोग भएको नदेखिएको अवस्थामा पेश भएका कागजात एवं मूल्यांकन विल यथार्थपरक नदेखिएको रु | २२९५०००.०० |
| ४५. | **लागत सहभागिता :** जनप्रिय नि.मा.विको भवन मर्मत बापत रु १७६२५३।०० भुक्तानी भएकोमा ३० प्रतिशत लागत सहभागिता बमोजिम रु २३५०१०।०० को कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा रु १६४५०७।०० मात्र भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी गरेको रु ११७२८।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ११७२८.०० |
| ४६. | **बढी मुल्यांकन :** लागत अनुमान र कार्य सम्पन्न रु ११७२५६।९९ भएको साँधखोला छहरे सामुदायिक लघु जलविद्युत योजनामा विद्युतीय पोल खरीद ९ थानको रु ७७४९५।४० र मुल्यांकन रु९०७६७।२५ देखिएकोले रु १३२७१।९० बढी मुल्यांकन सम्बन्धमा प्राविधिक पुष्ट्याई पेश गनुपर्ने देखिएको रु | १३२७१.०० |
| ४७. | **जिन्सी आम्दानी :** शिव मा.वि. अत्रौलालाई कम्प्युटर खरिदबापत रु २०३५७४।०० भुक्तानी भएको मध्ये न्यू पशुपति ट्रेडिङ्ग, न्युरोड काठमाडौबाट रु १ लाख ४० हजार बराबरका कम्प्युटर ३ सेट र प्रिन्टर १ सेट विद्यालयमा दाखिला भएको प्रमाण पेश गनुपर्ने रु | १४००००.०० |
| ४८. | **पदाधिकारी पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की गएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । गाउँपालिकाले गाउँपालिका अध्यक्ष श्री शशिकिरण वस्ताकोटीलाई गाउँ सभा सञ्चालन बापत दिएको पेश्की रु ४ लाख आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु | ४०००००.०० |
| | **उपभोक्ता समितिमार्फत सम्पादित कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् :** | |
| ४९. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा र्संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संभ्रौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइं हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गनें गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ५०. | **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा बाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । | |
| ५१. | उपभोक्ता संगको खरिद सम्भौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा | |

प्राविधिक नक्सा तयार गरेको पाईएन । साथै, काम भएको प्रमाणित गर्ने तस्विर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ ।

५२. गाँउपालिकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, मेजरमेण्ट गरेको मिति उललेख गरेको पाइएन । जसले गर्दा निर्माण कार्य समयमा शुरु भई समयमा नै सम्पन्न भयो भएन यकिन गर्न सकिएन । अतः निर्माणसँग सम्वन्धित सम्पुर्ण सूचनाहरु गरी कागजात तयार गर्नुपर्दछ । लागत अनुमान, मूल्यांकन, स्थलगत कार्य सम्पादन र विल भरपाई वास्तविक तुल्याउनेतर्फ गाउँपालिका सजग हुनुपर्दछ ।

५३. **मेशिनको फरक दर -** गाउँपालिकाबाट भएका निर्माण कार्यमा उपभोक्ता समितिहरुले पेश गरेका डोजर भाडाको दर नमुनाको रुपमा परीक्षण गर्दा फरक फरक दर पेश गरेको छ । रु १८०० देखी ३५०० सम्मक प्रतिघण्टा दरमा मेशीन प्रयोगबापत भाडा भुक्तानी भएका भरपाई, कागजात संलग्न भएको छ । ।गाउँपालिकाले यस आर्थिक वर्षमा नयाँ ट्र्याक खोल्ने तथा मोटरबाटो स्तरोन्नती गर्ने, मर्मत गर्ने कार्य उपभोक्ता समितिबाट गराउँदा उपभोक्ता समितिले डोजर भाडा वापतको बिल पेश गर्दा उपर्युक्तानुसारको फरक फरक दररेट पेश गरेको पाइयो। गाउँपालिकाले हालसम्म डोजर भाडादर तोकिदिएको छैन भने फरक फरक दर पेश भएकोमा सो को पुष्ट्याँइ समेत पेश गर्न सकेको छैन। गाउँपालिका भित्र हुने एकै प्रकृतिका कार्यका लागि एउटै दररेट कायम गरी कार्य लगाउनु पर्दछ ।

साथै, उपभोक्ता समितिद्वारा मोटरबाटो निर्माण, मर्मत सम्भार अन्तर्गत डोजरबाट माटो खन्ने कार्यको परिमाण गणनागरी उपभोक्तालाई भुक्तानी दिने बिलमा घनमिटरमा परिमाण उल्लेख गरेतापनि सो को भुक्तानी लिने प्रयोजर्नाथ उपभोक्ता समितिले पेश गर्ने डोजर भाडा वापतको निर्माण व्यवसायीको बिलमा प्रतिघण्टाका दरले रकम उल्लेख गर्ने गरेको पाइएकोले भएको कार्य परिमाण र भुक्तानी भएको भाडादर बीच तादाम्यता रहेको पाइएन। यर्सथ कार्य सञ्चालन भएको वास्तविक अवस्था खुल्ने बिल र कार्य परिमाण स्पष्ट खुल्ने खुल्ने गरी बिजक प्राप्त गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ

५४. **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।

५५. **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।

५६. **पटक पटक खरिद :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस एन अर्न्तगत वनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । यस उपशिर्षकको बजेट बाट एकै पटक खरिद गर्न मिल्ने सामाग्री हरु एकै प्याकेजमा खरिद गर्नु पर्नेमा विभीन्न देहायको मितिहरुमा खरिद गरी भुक्तानी गरेको पाईयो ।

| **भौ.नं. र मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी** |
|---|---|---|---|
| २-२०७४/०६/०८ | FZS मोटर साईकल १ थान | नविन अटो सेन्टर, चितवन | २६५९००.०० |
| | FZS मोटर साईकल १ थान | ” | २५५४००.०० |

१३,७३,१३२.००

| | | | |
|---|---|---|---|
| २२-२०७४/१२/०२ | FZS मोटर साईकल १ थान | ” | २६८५७०.०० |
| ३-२०७४/०१/२६ | कुर्सि, टेवल, दराज आदी | पाण्डे फर्निचर एण्ड शिसा प्लाईउड सेन्टर, कावासोती | ३२६९४२.०० |
| १५-२०७५/०१/१३ | कुर्सि, टेवल, दराज आदी | पाण्डे फर्निचर एण्ड शिसा प्लाईउड सेन्टर, कावासोती | २५६३२०.१६ |
| | | जम्मा | १३,७३,१३२.०० |

५७. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९ अनुसार लागत अनुमान तयार गर्दा गुणस्तरमा समेत ध्यान दिनुपर्ने व्यवस्था रहेको छ । देहायको भौ.नं. र मिति वाट विद्युत विद्युत पोल खरिद गरेकोमा विद्युत प्राधिकरण द्वारा तोके अनुशारको मापदण्ड अनुशार भए नभएको प्राविधीक प्रतिवेदन तयार नगरी ताथ Inspection Report वेगर रकम भुक्तानी दिएको ।

| **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी** |
|---|---|---|
| ३२७-२०७५/३/२६ | सम्पुर्ण..... जलविद्युतको फलामे पोल (जलप नेपाल प्रा.लि., भरतपुर) | ९६५०००.०० |
| | **जम्मा** | **९६५०००.००** |

९६५०००.००

५८. **विद्यालयको भुक्तानी सम्बन्धि :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्यसम्पन्न तयार गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले विद्यालयको भवन निर्माण, मर्मत तथा फर्निचर खरिद उपभोक्ता समिति पार्फत गरेको भनी रकम भुक्तानी खर्च लेखेको छ र उक्त कार्यको सम्बन्धित प्रधानाध्यापक, संचालक समितिका अध्यक्ष बाट कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गरिनुपर्नेमा सो नगरी उपभोक्ता समितिका पदाधिकारी र सम्बन्धित प्राविधीक बाट मात्र प्रमाणित भएको देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त नेदेखिएकोले कार्य गरेको प्रमाणित गर्न सकिने अवस्था रहेन ।

५९. **कार्यक्रमानुशार विल भर्पाई नभएको :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा विल भर्पाई संलग्न राखि कार्यक्रम अनुशार भए नभएको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। वडा नं. २ का वडा अध्यक्ष श्री प्रेम वहादुर थापा मगरको पेश्की रकम रु. ३७४३३८। फर्छ्यौट गरेको सम्बन्धमा
(क) वडा कार्यालय मर्मत गरेकोमा विभीन्न फर्मको विल भर्पाइ राखी खर्च लेखेकोले उक्त विल भर्पाई तोकिएको कार्यक्रम अनुशार भएको भन्न सकिएन । ३७४३३८.००

६०. **वास (Wash)कार्यक्रम :** वास का कर्मचारी दिपेश सिग्देल को रु. १००५००।, तुलसा अधिकारी को रु. ७५०००।, रन्जिता क्षेत्री खड्काको रु. ७५०००। समेत गरी जम्मा रु. २५०५००। श्रावण देखी कार्तिक सम्मको तलब भत्ता दिएकोमा हाजिरी नभएको देखिएकोले अनियमीत भएको रकम रु. २५०५००.००

६१. देहायका भौ. नं. र मिति बावट निम्न खानेपानी आयोजना उपभोक्ता समितिवाट कार्य सम्पन्न भएको भनि भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको :

| क्र.सं. | भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| १. | ११-२०७५/०१/२४ | कमेरे सिमल्डी खा.पा. उपभोक्ता समिति | १६,६७,५७०.५४ |
| २. | १२-२०७५/०२/०९ | लापाक खोला खा.पा. उपभोक्ता समिति | १६,९०,०००.०० |
| ४. | १७-२०७५/३/०८ | घुमरी खा.पा. योजना उपभोक्ता समिति | २९,०४,२८५.०० |
| | | जम्मा | ६२,६१,८५५.५४ |

६२६१८५५.५४

६२. **विद्यालयको पुर्वाधार निर्माण खर्च :**देहायका विद्यालयको निम्नानुसारको कार्य उपभोक्ता समिती मार्फत गराएको भनी रकम भुक्तानी दिएको छ । सोको कार्यसम्पन्न प्रतिवेद सम्बन्धित प्रधानाध्यापक, अध्यक्ष र प्राविधीकवाट प्रमाणीत भै आनुपर्नेमा सो नभै उपभोक्ता समितिबाट सम्पन्न प्रतिवेदन पेश हुन आएकोले गर्दा सोही कार्य शिक्ष वा अन्य निकाय

वाट पनि संचालन हुने हुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर देखिएकोले दोहोरो हुने देखियो । यसमा सुधार हुनु पर्दछ :

| भौ.नं. र मिति | विद्यालयको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३-०७४/०९/२५ | जनकल्याण राष्ट्रिय आधारभुत विद्यालय, हुप्सेकोट | पर्खाल निर्माण | २०००००.०० |
| १४-०७४/०९/२६ | नवदुर्गा प्राथमिक विद्यालय, बाघखोर | भवन निर्माण | ३०००००.०० |
| २४९-०७५/०३/०५ | बाल कल्याण प्राथमिक विद्यालय, कोलिया | भवन निर्माण | ९०००००.०० |
| २५०-०७५/०३/०५ | नेपाल शान्ती मा.वि., हुप्सेकोट.-३ | भवन निर्माण | २५२५०००.०० |
| २७२-०७५/०३/१४ | दुर्गा प्राथमिक विद्यालय, नाम्जाकोट | भवन मर्मत | २०००००.०० |
| २७८-०७५/०३/२० | शिक्षा वोधनी आधारभुत विद्यालय | शैक्षिक सामाग्री खरिद ( दाखिला प्रतिवेदन पेश नभएको) | २०००००.०० |
| २७९-०७५/०३/२१ | नेपाल शान्ती मा.वि., हुप्सेकोट.-३ | फर्निचर बनाएको ( दाखिला प्रतिवेदन पेश नगरेको) | ३०००००.०० |
| २८१-०७५/०३/२१ | पैरावास बाल कल्याण | भवन निर्माण | २०००००.०० |
| २९९-०७५/०३/२५ | शिक्षा वोधनी मा.वि., शंखदेव, | | २०००००.०० |
| ३०८-०७५/०३/२६ | हुप्सेकोट मा.वि., स्वामीडाँडा, हुप्सेकोट-६ | फर्निचर खरिद (दाखिला प्रतिवेदन पेश नभएको) | ५०००००.०० |
| ३१२-०७५/०३/२७ | हुप्सेकोट मा.वि., रुम्दी, हुप्सेकोट-४ | भवन प्लस्टर कार्य | ५०००००.०० |
| | | **जम्मा** | **६०२५०००.००** |

६३. **सम्पत्ति लेखांकन :** गाउँपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

६४. **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्रि, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

६५. **सिफारिस तथा घटना दर्ता :** गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र भएका सिफारिस तथा घटना दर्ताको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । यस गाउँपालिका अन्तर्गत ६ वटा वडाहरुमा भएका सिफारिस र घटना दर्ताको एकीकृत अभिलेख तयार गरेको छैन । अतः यस वर्ष भएका सिफारिस र घटना दर्ताको वास्तविक आँकडाबारे जानकारी भएन । घट्ना दर्तालाई छिटो , भरपर्दो मितव्यी, पारदर्शी र प्रविधी मैत्री बनाउन अनलाईन दर्ता प्रक्रियामा जानुपर्ने देखिन्छ । यस तर्फ गाउँपालिकाको ध्यानाकर्षण गरिन्छ ।

६६. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको

| | | |
|---|---|---|
| | कार्यान्वयनमा ध्यान दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ । | |
| ६७. | **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६८. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६९. | **वित्तीय जवाफदेहिता** : कार्यालयले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट कार्यालयको वित्तीय जवाफदेहिताको सतरले"C"ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ७०. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालीकामा रहने कर्मचारी दरवन्दी २२ रहेपनि पदपूर्ति १० जना रहेको देखियो । १२ जना पद रिक्त रहेका छन । ति मध्ये ६ जना करारमा राखि कार्य संचालन गरिएको छ । १२ पद रिक्त रहेको अवस्थामा कार्यालय सञ्चालन भैरहेकोले कर्मचारी आवश्यकताको विश्लेषण र यकिन गरि पदपुर्ति तथा अनावश्यक पद भए खारेज गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन ।कार्यालयका अधिकांश पदहरु रिक्त रहेका छन् । स्थायी कर्मचारीको अभावमा वडा कार्यालयहमा करारमा लिइएका सहयोगी कर्मचारीबाट सेवा प्रदान गर्दै आएको पाइयो । नागरिकहरुसँग प्रत्यक्ष रुपमा दैनिक सेवा प्रदान गर्ने गाउँपालिकामा कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने हुँदा तत्काल पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| ७७ | **बेरुजु :** गाउँपालिकाको प्रारम्भीक प्रतिवेदन अनुशार यो वर्ष असुल गर्नुपर्ने रु. ९३ हजार नियमित गर्नुपर्ने रु. ५७ लाख ६० हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ६ लाख ४ हजार र पेश्की रु.४ लाख रुपैया समेत जम्मा रु. १ करोड ६८ लाख ५६ हजार बेरुजू कायम भएकोमा उक्त प्रतिवेदनमा कुनै प्रतिक्रिया प्राप्त नभएको तथा समायोजन नभई रु. १ करोड ६८ लाख ५७ हजार बेरुजू कायम भएको छ । | |
| ७८ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको वेरुजू (रु.) | यो वर्ष फछ्र्यौट (रु.) | वाँकी (रु.) |
|---|---|---|
| २६४७०००.०० | ५७३०००.०० | २०७४०००.०० |

**अद्यावधिक बेरुजु स्थिति :** यस गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी | यो वर्षको कायम बेरुजु . | बाँकी |
|---|---|---|
| २०७४000.00 | १६८५७000.00 | १८९३१000.00 |

**अनुसूची- १**

# बुलिङ्गटार गाउपालिका (ब.सु.पु.)
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आर्थिक वर्ष २०७४।७५

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | नवलपरासी (ब.सु.पुर्व) | बुलिङ्टार गाउँपालिका | ५२ | २६ | १६८५७ | ० | ० | ० | ५२ | २६ | १६८५७ | ९३ | ५७६० | १०६०४ | - | - | १६३६४ | ४०० | - | ४०० |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण
### आर्थिक वर्ष २०७४।७५

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बुलिङ्टार गाउँपालिका | नवलपरासी (ब.सु.पुर्व) | १०२८९ | १५२११८ | १२७८६० | २८५१ | २८२८२९ | १४२८७९ | ११०६४३ | १४३०२ | २६७८२४ | २५२९४ |